# ७ उहाँका पखेटाहरुका छाँयामुनी

*यस अध्यायको निम्ति पढ्नुहोस्:* प्रस्थान १९:४, २ सामुयल ११,१२, भजन १७:८, ३२:१, ३६:७, ५१:२, ५७:१, ६१:४ र ६३:७।

*स्मरण गर्नुपर्ने पदः* "तपाईंले मलाई सहायता गर्नुभएकै कारणले तपाईंका पखेटाहरूका छाँयामुनी बसेर आनन्दले तपाईंको गुण गाउनेछु।"(भजन ६७:७ रूपान्तरित)

"तिन वटा कुराहरूदेखि म अति नै छक्क पर्दछु। चार वटा कुराहरू त अझ बुझ्नै सक्दिँन। चारवटा कुराहरूमा आकासमा गरुड (चील) कसरी उड्छन् भन्ने कुरो म बुझ्दिँन।" (हितोपदेश ३०:१८,१९ रूपान्तरित)

चील लँडाइका जेट अर्थात् हवाई जहाज हुन्। त्यसको हतियार बाँगीएको थुतुनो र रेजर ब्लेड जस्तो तिखो पन्जाहरू हुन्। झट्ट हेर्दा चिल बम खसाल्ने सैनिक जेट हवाइजहाज जस्तै छ। चील अर्थात् गरुड चरा अमेरिकाको राष्ट्रिय चरा हो। चील, हावा र पखेटा, हाड छाला वा माँसपेशी र रगत भएको चरा हो। चील, सिनु अर्थात् मासु खाने, माछा मार्ने र चोर चरा हो। हुरीको बेगमा आएर आकासको बादलबाट यसले पानीमा डवुल्की मार्छ। जब गुँडमा हिंड्डा चीलले आफ्ना बचेराहरूको सामु नँग्राहरूलाई पन्जामा लुकाउँछ। त्यसले गर्दा बच्चाहरूलाई तिखो नँग्राहरूले काट्दैनन्। चील गौरवमय, शक्तिशाली र आकर्षित शोभा भएको चरा हो। धेरै प्रतिकहरूले सुसज्जित भएको चरा चिल हो। तर त्यसको महानतालाई वयान गर्न हामीले हतपट्ट सक्दैनौं। त्यसैकारणले जङ्गली तर आफ्नै शोभाले भरिएको र आकासमा उडीरहने चीलको पूर्ण रूपमा वयान गर्न बाइबलका लेखक असफल भएको हामी पाउँछौं।

दाउदले आफ्नो भजनमा पनि झण्डै यस्तै खालका प्रतिक अर्थात् चीललाई सम्वोधन गरेको पाउँछौं। उनले पखेटाहरूलाई विशेष प्रतिकको रूपमा लिएकाछन्। पखेटामूनी रहनु भनेको परमेश्वरको

सुरक्षामुनी रहनु हो भनेको अर्थ दाउदको निम्ति पखेटा सुरक्षाको प्रतिक भएको पाउँछौं। परमेश्वरले हामीलाई कसरी सुरक्षा दिनुहुन्छ र हाम्रा पापहरूलाई कसरी ढाक्नुहुन्छ भन्ने यस अध्यायको विषयवस्तु हो। तर प्रथमतः दाउदले के भयो वा उसले के गऱ्यो जसले गर्दा उनी परमेश्वरको पखेटामुनि बस्नुपऱ्यो वा उहाँले उनलाई ढाक्नुपऱ्यो। अनि हामी पनि परमेश्वरको त्यहि पखेटाहरूमुनि बसेर सुरक्षीत हुनु किन अपरिहार्य छ भन्ने ज्ञानलाई हामीले बुझ्न सक्छौं।

## १. नङ्गन सत्य (२ सामुयल ११)

चील वा गरुड चराहरू १०,००० फिटको उचाईसम्म उड्न सक्छन्। प्रायजसो अरू चराहरू त्यस उचाईमा उड्न सक्दैनन्। चिल जस्तै दाउदपनि अत्यन्त उचाईमा उडेका थिए। गोठाला भएको मानिस राजाको वैभवमा पुगेका थिए। विश्वको इतिहासमा यस्तो भएको बिरलै पाउँछौं। लडाईंमा जताततै उनका सैनिकहरूले बिजय प्राप्त गरेका थिए। ती बिजय गरेका देशहरूबाट ल्याएका धनदोलत आदि उनमा खन्याइको थियो। मान र महिमाले दाउद ढाकिएका थिए। तर ती यश परमेश्वरबाट हो भन्ने कुरालाई बिर्सन उनी चुकेनन्। उनले पाएका राजकिय पोसाक परमेश्वरबाट थियो। दाउद राजा भएर राजकिय पोसाक लगाएतापनि त्यस पोसाकले उनका पाप परमेश्वरबाट ढाक्न सकेको थिएन।

आत्मिक रूपमा हेर्ने हो भने दाउदले लगाएका पोसाक राजा र पुजारीका पोसाक थिए। उनले रजाईं गरेका इस्रायलको सरकारको प्रमूख उनी भए पनि त्यसको हर्ताकर्ता परमेश्वर पनि हुनुभएको थियो। तर उनी नराम्रो पापमा फसे र उनको पोसाकमा उनका पापका दागहरूले ढाक्न पुगेका थिए। उनले त्यो महशूस कसरी गरे भन्ने कुरा थाहा पाउन उनले लेखेका भजन ३२ र ५१बाट थाहा पाउन सक्छौं। यी भजनहरूमा दाउदले बिभिन्न प्रतिकहरूलाई उल्लेख गरेका छन्। उनका पापहरू कसरी ढाके भनेर बुझाउन उनले ती प्रतिकहरू प्रयोग गरेका थिए। यसलाई राम्रोसँग बुझ्न जरुरी छ। परमेश्वरको हेरचाहलाई वाख्या गर्न उहाँको पखेटालाई अरू भजनमा कसरी प्रयोग गरिएको छ त्यो पनि बुझ्न हामीलाई आवश्यक छ। दाउदले ती प्रतिकहरूलाई उल्लेख गर्न प्रेरणा पाउन उनका जीवनमा कुन् घटनाहरू

घटे सो पनि थाहा पाउन हाम्रो हित हुन्छ। दुःख लाग्दो तरिकाले दाउदको पतन ती सुरक्षाका पोसाकहरू नलगाएका कारणले भएको थियो। पोसाक लगाउने संज्ञाले हामीलाई धेरै आत्मिक पाठहरू सिकाउँछ।

राजा दाउद जब महानताको शिखरमा पुगे तब उनले ठूलो युद्धको सामना गर्नु परेको थियो। त्यो युद्ध राबाहमा भएको जस्तो रक्ताम्य संग्राम क्षेत्रमा भएको थिएन। तर त्यो युद्धक्षेत्र उनको आफ्नै दिमाग थियो। सैतानले आफ्नो हतियार प्रभावकारी रूपमा चलाउँदछ। फिलिस्तिनका महान् सेनापति गोलियाथले आफ्नो अत्यन्त लामो भालाद्वारा दाउदलाई जित्न सकेन। तर, जब राजाले आफ्नो कौसीबाट एक अवला महिला नाङ्गै नुहायको देख्छन् तर उनलाई त्यस स्त्रीप्रति लगाएको कुदृष्टीको भालाले छेड्दछ। त्यसबखत आफ्नो घुँयत्रोलाई दाउदले बिर्सेको स्पष्ट भएको पाउँछौं। जसरी बिशाल सैनिक एउटा जाबो घुँयत्रोले गर्दा झऱ्यो, त्यसरी नै प्रतापी राजा अलिकती हेऱ्याइले गर्दा सजिलैसँग झरेका थिए।

हो, सानो ढुँगाले राक्षस जस्तो मानिस ढल्यो। अलिकती झस्स हेर्दा राजा पनि ढले। आफ्नो परस्त्री गमन गरेको पापलाई ढाकछोप गर्न दाउदले धेरै उपाय र षडयन्त्र अपनाउन खोजेका थिए। उनको पाप कसैको अगाडि भन्दाफोर भएको उनले चाहेको थिएन। २ सामुयल ११को अनुसार उनको पाप के थियो त? अरूले नसमात्दा वा नदेख्दा आफ्नो पाप ढाकेको अनुभव हामी गर्दछौं। तर त्यस ढाकछोपले अझ बेसी पाप तर्फ डोऱ्याउँछ। किन? दाउदको कहानीले यस बिषयलाई स्पष्ट रूपमा कसरी औंल्याएको पाउँछौं?

एउटा गलत नजरले गर्दा हत्या र गृह युद्धलाई निम्त्याइयो। आफ्नो पापबाट जोगीन गरेको ढाकछोपबाट अर्को पापतर्फ डोऱ्याउँछ भन्ने कुरो दाउदको कथाले हामीलाई स्पष्ट रूपमा बताउँछ। पछुताव नगरिकन पापलाई ढाक्न खोज्नु नै पापको जड हो। ढाकेलाई वा आफ्नो कुकृत्यलाई ढाकछोप गर्दा झन झन महापापमा हामीलाई ढकेल्न सक्दछ। आफ्नो राजकिय पोसाक लगाएको बेलामा दाउदले परस्त्रीगमन गरेका थिए। त्यसलाई ढाकछोप गर्न ती स्त्रीका पतीलाई मारेका थिए। त्यो पनि ढाकछोप गर्न खोजेका थिए। तर परमेश्वरको

दृष्टिलाई कुनै पनि कपडाले ढाक्न सक्दैन। उहाँको नजर कुनै पनि पोसाकबाट छेडिएर मानिसको मुटुमै पस्दछ।

एउटा कथन छः "विपत्तीले हजारौंलाई मार्छ भने सम्पन्नता वा कोहि मानिस शक्तिशाली हुन्छ भने त्यसले दसौं हजारलाई हत्या गर्दछ।" सम्पन्नले आत्मालाई कसरी नाश गर्न सक्छ भन्ने दाउदको कथाले हामीलाई कसरी याद दिलाउँछन्? दुःख वा विपत्तीले प्रायजसो हामीलाई परमेश्वरको नजिक पुगेको अनुभव हुन्छ। धनसम्पत्ती, मान, मर्यादा, अधिकार आदि हुने मानिसले पापमा नफस्न कस्तो सतर्कता अपनाउनुपर्दछ?

## २. नेथानले भण्डाफोर गर्दछन् (२ सामुयल १२:१-१२)

झुठको खेती गरेर दाउदले आफ्नो पाप एक वर्षसम्म लुकाउँछन्। राजा भएको हैशियतले अनजान व्यक्तिको हत्या गर्ने आफ्नो अधिकार भएको भान उनले गर्दछन्। पापले गर्दा दाउदको हृदय पत्थर जस्तो कठोर हुन्छ। सबैबाट दाउदको पाप लुकिएतापनि परमेश्वरबाट लुकिएको थिएन। उहाँले आफ्नो अगमवक्ता नेथानलाई दाउदको पत्थरी हृदयलाई फोड्न पठाउनुहुन्छ। नेथनले सिधै उनको पापलाई सम्वोधन गर्दैनन्। यदि गरे भने दाउद रिसाउने थिए र नेथनको हत्या गर्ने थियो होलान्। (सत्यलाई कूतनिति तवरले प्रस्तुत गर्नु परमेश्वरको जनको कुशलता हो)। नेथनले एक अर्तिकथाद्वारा दाउदको हृदयको भन्दाफोर गर्दछन्।

त्यो नितिकथा के हो र त्यसको वाख्या के हो? पढ्नुहोस्ः २ सामुयल १२:१-१२। येशूले पनि धेरै नितिकथा अर्थात दृष्टान्तहरूको प्रयोग गर्नु भएको थियो। दृष्तान्त वा नितिकथाहरूकाक फायदा के हुन्? नितिकथाको लुगाले ढाकेर सत्यलाई प्रस्तुत गर्दा दाउदले आफ्नो पतित चरित्रको भन्दाफोर भएको महशूस कसरी गरे? नेथनको चातुर्य कथाले दाउदले लुकाएका सत्यलाई कसरी उदाङ्ग पारे?

नेथनको दृष्तान्त केवल केहि पदहरूमा मात्र सिमित गरिएका छन्। तर पापले कठोर हृदय भएको मानिसको मनलाई महत्वपूर्ण पाठ सिकाउन उनको कथाले सफलता पाएको थियो। नेथान सुरूमै दाउदलाई सिधै दोषी ठहराउँदैनन्। बरू नम्र भएर नेथनले दाउदको सहायता माग्दछन्। पापले गर्दा दाउदको हृदय कठोर भएतापनि उनको

चेतनामा न्याय अझ जीवितै थियो। दोश्रो, नेथनले सत्यलाई नितिकथाले ओढाएर प्रस्तुत गर्दा दाउदको प्रतिरक्षालाई सिथिल पारेको हुन्थ्यो। तेश्रो, नेथनले कुशलपूर्वक कथालाई प्रस्तुत गर्दा दाउदलाई कसैले पनि दोषी ठहऱ्याएको छैन भन्ने प्रत्याभूति भयो। त्यसको परिणाम? दाउद आफैले आफूलाई दोषी ठहऱ्याउँछन्।

आखिरमा नेथनको अभिव्यक्ति, “तपाईं नै त्यो व्यक्ति हुनुहुन्छ"ले दाउदले झुठमुठद्वारा लुकाइ राखेको सत्यको पर्दा च्यातिन्छ। दाउदले जवाफ दिन्छन्, “ मैले परमेश्वरको खिलाफमा पाप गरैं" भनेर सार्वजनिक रूपमा पश्चाताप गर्दछन्। त्यसपछि नेथनले उनलाई यो पनि आश्वस्त पार्छन्: “परमेश्वरले तपाईंको पापलाई हटाइ दिनुभयो" (पद १३)। दाउदको पापलाई परमेश्वरले किन छोप्नुभयो वा हटाउनुभयो? हेर्नुहोस्: १ यूहन्ना १:९।

हो, दाउदको पाप त ढाकियो। तर दाउद र बेथशिवाबाट जन्मेको प्रथम् बालकको मृत्यु हुनै परेको थियो। उक्त वियोगान्त दाउदको निम्ति आफ्नो मृत्युभन्दा चर्को भएको हुनसक्छ। उक्त बालक मरेपछि दाउदले आफ्नो राजकिय पोसाकलाई उतारेर शोकको रूपमा भाङ्ग्राको कपडा ओढ्दछन्। खुला रूपमा परमेश्वरको सामु आफ्नो पापको पछुताउ गर्दछन्। उनले बालकको ज्यानको निम्ति परमेश्वरसँग अनुनय विन्ति गर्दछन्। जब बालक मरेको खबर दाउदले सुन्छन् त उनको प्रतिक्रियादेखि उनको भारदारहरू छक्क पर्दछन्। उनी शोकको स्थानबाट उठ्दछन्, नुहाउँछन् र आफ्नो लुगा फेर्दछन्। परमेश्वरले अभिषेक गरिएको दाउद आफैले तेल लगाएर परमेश्वरको आराधना गर्दछन्। आफ्ना पापलाई स्विकार गर्ने मानिसलाई परमेश्वरले कसरी पुनर्जिवित पार्नुहुन्छ भन्ने कुरालाई दाउदका यस क्रियाकलापहरूले देखाउँदछन्: प्रथमतः आत्मआलोचना गरेर पश्चाताप गरेको पापीलाई परमेश्वरले उठाउनुहुन्छ र पुनः ग्रहण गर्नुहुन्छ। दोश्रोः हाम्रो पापको दोषलाई उहाँले पखाल्नुहुन्छ र उहाँको धार्मिक कपडाले हामीलाई ओढाउनुहुन्छ। उहाँले उहाँको आत्माले हामीलाई अभिषेक गर्नुहुन्छ ताकि हामीले उहाँको आराधना गर्न सकौं। नुहाउने प्रक्रियाबाटै दाउदको पाप सुरू हुन्छ र अन्त हुन्छ। यो आखिरी नुहाउने प्रक्रियाले उनको हृदय सफा भएको देखाउँदछ।

दाउदले नुहाएको, लुगा फेरेको र आफ्नो शिरमा तेल लगाएको कुराले हामीलाई के आशा दिँदछ? हाम्रा पाप तथा अधर्महरूलाई येशूले पखाली दिनुभएको कारणले गर्दा हामी पनि निर्धक्कसँग उहाँको स्तुती र आराधना किन गर्नसक्दैनौं?

## ३. जसको पाप ढाकिएको छ त्यो मानिस धन्यका हुन् (भजन ३२:३-५)

हेर्नुहोस् त ! परमेश्वर, युरियाह र बेथशिबाको खिलाफमा गरेको पापलाई दाउदले पछुताव गर्दैनन्। आफूले गरेको पापलाई पाप भनेर स्विकार गर्न इन्कार गरेका थिए न त आफ्नो स्वविवेकका आवाजलाई सुन्न राजी भएका थिए। तर कसरी वर्षभरी चुप लागेर दाउदले गहिरोसँग कष्ट भोगे भनेर भजन ३२ले भन्दछ।

भजन ३२:३-५ पढ्नुहोस्। आफ्नो पापलाई स्विकार गर्न इन्कार गर्दा आफूलाई के भयो भनेर प्रस्तुत गर्न दाउदले कुन् प्रतिकहरू प्रयोग गरेर कविता रच्दछन्? आफ्नो कष्टलाई अन्त्य गर्न दाउदले के गरे? हेर्नुहोस्: पद ५।

दाउदले आफ्नो परस्त्रीगमनको पापलाई झुठ र रगतले ढाक्न खोज्दछन्। तर आफ्नो पापको बोझले उनलाई कच्याककुचुक पार्दछन्। दाउद सचमूच रूपमा नम्र र पछुताव गरेर परमेश्वरको दयाको भिक्षा मागेको भनेर ३२ले छर्लङ्ग पार्दछ। हामीलाई चाहेको परमेश्वरको क्षमाको लुगाले छोप्न उहाँसँग कसरी माग्ने भन्ने कुरा दाउदले क्षमाको निम्ति रोइकराइ गरेको प्रक्रियाले हामीलाई सिकाउँदछ। यसबाट हामीले देहायका कुराहरू सिक्दछौं: (१) आफ्नो पापको बहाना उनले गर्दैनन् अर्थात् आफ्नो पापको दोष स्वयंलाई दिन्दछन्। (२) पापबाट चोखो हुन आफूले गरेको पापको कुनै असल कारण भएको खोज्दैन। (३) परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाले औंल्याएका पापको कारण ती व्यवस्थामा उनले दोष देख्दैन। (४) आफ्नो पापको दोष आफूलाई मात्र थुपार्दछ। (५) परमेश्वरबाट अलग गराएकोले आफूले गरेका घृणित पापदेखि वाक्क हुन्छ। उनी पापबाट फर्कन्छन् र परमेश्वरले उनलाई क्षमा दिनुहुन्छ।

दाउदले आफ्नो पापलाई लुकाउँछ (भजन ३२:३,४); परमेश्वरले छोप्नुहुन्छ (भजन ३२:१,२)। हाम्रा पाप तथा अधर्महरूलाई हामीले छोप्न खोज्नु र परमेश्वरले छोप्नुमा के फरक

छन्? येशूको धार्मिकताले पापलाई ढाक्नुभन्दा पहिले हामीले के गर्नुपर्दछ?

हाम्रो पापलाई परमेश्वरले वेवास्ता गर्नुहुन्न। तर पाप छोपिएको हुन्छ। यसको अर्थ यो हो, जब कुनै पुरुष वा स्त्रीले हृदयदेखि आफ्नो पापको पछुताव गर्दछ तब परमेश्वरले उसको वा उनको पापको दोषलाई थुपारी राख्नुहुन्न। पापको दोष उसको वा उनको विरुद्धमा ल्याउँदैन। पश्चाताप बिना केवल स्विकार मात्र गरेर पुग्दैन। हामीले गरेका पाप, कुकृत्य वा अधर्मप्रति हामी दुःखित हुनुपर्दछ र त्यसबाट फनक्क फर्केर परमेश्वरको शक्तिमा पर्नुपर्दछ। सारा पापलाई परमेश्वरले क्षमा दिनुहुन्छ र ढाक्नुहुन्छ। परमेश्वरको अनुग्रह यति अपार र महान छ कि उहाँले सबै खालका पापहरूलाई क्षमा दिनुहुन्छ र पश्चातापले चूर्ण भएको पापीलाई कहिलै पाप नगरेको झैं स्विकार गर्नुहुन्छ ! जब हामीले हाम्रो पापलाई येशूमा थुपार्दछौं तब हामीलाई उहाँले त्यसलाई स्विकार गर्नहुन्छ। हाम्रो बदलामा उभिनुभएको येशूको शक्ति नै हाम्रो पापलाई निल्न सक्नु हो। यो प्रक्रियाले गर्दा येशूको धार्मिकता अर्थात् पवित्र जीवन जीउने अधिकार पश्चाताप गर्ने पापीले पाउँदछ।

परमेश्वरको सामु तपाईं आफ्नो पाप स्विकार गर्न कत्तिको तयार हुनुभएको छ? यदि छैन भने आखिरमा के तपाईंले परमेश्वरलाई वा आफूलाई धोका दिइरहनुभएको छ? तपाईंको जवाफले तपाईंको आत्मआलोचना कसरी गर्दछ?

## ४. हिंउभन्दा पनि सेतो (भजन ५१:२)

दाउदले आफ्नो पाप स्विकार गरेपछि रचिएको भजन ५१ पनि भजन ३२ जस्तै हो। यी पश्चातापका भजनहरू हुन्। कपडाको प्रतिकलाई लिएर परमेश्वरले कसरी पापलाई छोप्नुहुन्छ भनेर भजन ३२ रचिएको छ। त्यहि अनुसार भजन ५१ पनि पापलाई ढाक्न कपडाको प्रतिकलाई उल्लेख गर्दछ। तर भजन ५१ले धोएर दाग हटाइ सेतो पार्ने चिजलाई औंल्याउँदछ। आत्मिक रूपमा फोहर वा प्रदुषित भएकोलाई कसरी सफा गरिन्छ भनेर दाउदले भन्दछन्। आफ्नो फोहर लुगालाई सफा गर्ने प्रक्रियाको प्रतिकलाई भजन ५१मा दाउदले उल्लेख गर्दछन्।

आफ्नो पापलाई पूर्ण रूपमा धोइदिन दाउदले परमेश्वरसँग याचना गरेको भजन ५१:२मा पाउँछौं। यो धुने प्रक्रियामा के समावेश भएको छ? “हिसप वा बावरी जस्तो मिठो वास्ना आउने बिरुवाको झोलले छर्केर मलाई हिंउ भन्दा सेतो बनाउनुहोस्" भनेर दाउदले गरेको प्रार्थनाले कस्तो खालको सफाई उनलाई चाहिएको रहेछ भनेर हामीलाई बुझाउँछन्? (दाउदले उल्लेख गरेका यी कथन नेपाली बाइबलमा उल्लेख गरिएको छैन। “मलाई शुद्ध गर्नुहोस्" भनेर मात्र उल्लेख गरिएको छ। तर अन्य भाषा वा अङ्ग्रेजीमा “हिसपबाट सफा गरिदिनुहोस्" भनी उल्लेख गरेका छन्।–अनुवादकको टिप्पनी)।

कपडालाई सफा र शुद्ध गर्न प्रयोग गरिने तत्व हिसप वा बाबरी जस्तो मिठो वास्ना आउने बिरुवा बाइबलमा अन्त पनि प्रयोग गरिएको छ (उत्पत्ति ४९:११, प्रस्थान १९:१०)। शुद्ध गर्नुको अर्थ पापबाट मुक्त गर्ने प्रक्रियालाई जनाउँछ। हिसप वा बाबरी जस्तो मिठो वास्ना आउने बिरुवा औषधी र मसलाको रूपमा पनि प्रयोग गरिन्छ। अर्थात् यो खाना र उपचार गर्ने बिरुवा हो। इस्रायलमा हिसपको कहानी लामो छ। यसलाई प्रथम् निस्तार चाडमा प्रयोग गरिएको थियो ( हेर्नुहोसः प्रस्थान १२:२२) र साथै कोढी वा घरलाई शुद्ध गर्न (लैव्य १४:६,४९) र मुर्दालाई छुँदा अशुद्ध भएको मानिसलाई शुद्ध पार्न हिसपलाई प्रयोग गरेर बाच्छोको बली दिंदथ्यो। परमेश्वरसँग करार वा सम्झौता बाँध्न मोसाले हिसपलाई प्रयोग गरेर सेवाकार्य गरेका थिए (हिब्रू ९:१९,२०)। हिसपबारे विस्तृत विवरण *द एसडिए बाइबल डिक्सेनरी* पृ. ४९७मा दिइएको छ।

हिसप एक शक्तिशाली सफा गर्ने वस्तु रहेछ भनेर ती सबै प्रयोग गर्ने प्रक्रियाहरूले बताउँदछ। हिसपलाई प्रयोग गरेर उनको पापलाई धुन र स्वस्थ पार्न केवल उत्कृष्ठ तत्वले मात्र सक्दछ भनेर दाउदले बुझेको पाउँछौं। त्यो उपचार गर्ने उत्कृष्ठ तत्व हाम्रा मुक्तिदाता येशूको क्षमाशील रगत हो।

शुद्ध तथा नयाँ हृदय सृजनुहोस् भनी दाउदले प्रार्थना गरेको भजन ५१:१०मा पाउँछौं। सफा वा शुद्ध हृदयको अर्थ के हो?

परमेश्वरले हाम्रो हृदयलाई पापबाट केवल सफा मात्र गर्नुहुन्न। उहाँले क्षमा दिनुभएको बालकको हृदयलाई उहाँले नयाँ गरि सृजनुहुन्छ। नयाँ हृदय भनेको नयाँ दिमाग वा परमेश्वरबाट आएको

नव मनोक्रान्ती हो। पावलले हामीलाई यो सल्लाह दिँदछन्ः "यस संसारको विधि वा निति अनुसार अब नचल्नु। तिमीले सोच्ने प्रक्रियालाई पूरै बदल्नु।" (रोमी १२:२ रूपान्तरित) अर्को ठाउँमा पावलले स्पष्ट गरेकाछन्ः हाम्रा पाप तथा अधर्महरूलाई धोएको कारणले हामी परिवर्तन भएका छौं। हामीले अहिले नै नव जीवन पाएका छौं वा नयाँ गरि जन्मेकाछौं। पवित्र आत्माले हामीलाई नयाँ जीवन दिनुभएको छ।येशू ख्रीष्टले जे गर्नुभयो त्यसले गर्दा परमेश्वरले हामीमा सिँत्तैमा आत्मा खन्याउनुभएको छ।"(तितस ३:५ रूपान्तरित)। जब हामी क्षमाको निम्ति प्रार्थना गर्दछौं तब सधैं हृदय परिवर्तन र पवित्र जीवन यापन गर्नको निम्ति पनि प्रार्थना गर्नु पर्दछ। नयाँ दिमाग र पवित्र जीवनशैलीको कपडाले ओढाइ दिउन् भनी दाउद चाहन्छन्। सधैं परमेश्वरप्रति बफादारी हुन र पवित्र आत्माको अगुवाइमा नचुक्न दाउदले प्रार्थना गर्दछन्।

## ५. उहाँको पखेटामुनी सुरक्षित (भजन ६१:४)

कुनै चिल वा गरुड चराका पखेटाहरू नौ फिटसम्म चौडा हुन्छन्। उनीहरूका पखेटाले आफ्ना बचेराहरूलाई आश्रय दिन्छन् र सुरक्षित राख्दछन्। मानिसहरू जतिसुकै पतित वा गिरेको किन नहुन्, यदि उनीहरूले आफ्ना पापहरू स्विकार गरी त्यसलाई पन्छाएर परमेश्वरको शरणमा आएभने गरुड चराले आफ्ना बचेराहरूलाई पखेटाले सुरक्षित राखेको झैं उहाँले पनि ती मानिसहरूलाई सुरक्षा दिनुहुन्छ। हाम्रा पापका दोषहरू हटाइनेछन्। तर पापको परिणामचाहिँ सधैं हट्नेछन् भन्ने छैन। यो तितो सत्यको अनुभव दाउदले गर्नुपरेको थियो। क्षमा मागेको कारण दाउदका पापहरू त क्षमा दिइयो। तर पापको परिणामले निरन्तरता पायो। उनको दरवारिया जीवन तहस नहस भयो। उनको तिन जना छोराहरू अकालमै मरे, र उनका छोरी तामारलाई आफ्ना झडकेला दाजुले जबरजस्ती बलात्कार गर्दा पनि राजाले उनलाई कार्यवाही गर्न सकेनन्।

परमेश्वरको छत्र छाँयामुनी रहेर दाउदले के गर्न प्रयास गरे? हेर्नुहोस्ः भजन १७:८, ३६:७ र ५७:१। परमेश्वरका ती पखेताहरूले हामीलाई पनि ढाक्न सक्छन् भन्ने के आश्वासन छ त?

परमेश्वरका पखेटाहरूमुनी स्नेह, दया, करूणारूपी सुरक्षाहरू छन्। हामी जतिसुकै तल गिर्न खोजेतापनि हामी भन्दा परमेश्वर छिटो उड्नुहुन्छ। हामी गिर्छौं तर त्यस गिऱ्याइबाट हामीलाई उड्न सिकाउनुहुन्छ। यदि दाउदले जस्तै मनैदेखि पापको पछुताव गऱ्यौं भने हामी पनि परमेश्वरको झन निकट भएको अनुवभ गर्न सक्छौं। हामी गिर्न लागेकोबाट जब उहाँले हामीलाई समात्नुहुन्छ तब उहाँले हामीलाई नजिक राख्नुहुन्छ जसको फलस्वरुप गिरेको समय भन्दा उहाँको स्नेह बढि भएको हामी महशूस गर्न सक्दछौं।

दाउदले गरुड चराहरू आफ्ना पखेटाहरू फैलाएर उडेका देखेका थिए। यसैलाई देखेर नै उनले परमेश्वरको सुरक्षाको बखान भजन ६१मा गरेको हुनसक्छ। हुनसक्छ उनले यो भजन त्यसबेला रचेका थिए जब उनी आफ्नो छोरा आबसोलमबाट भाग्दै थिए। आबसोलमले उनको गद्दी खोस्न खोजेका थिए। परमेश्वरको करुणाको छत्रछाँयामुनी भरोसा राख्नुपर्दछ भनेर गरुड चराको पखेटाको प्रतिकले देखाउँदछ। स्वर्गको पवित्र मन्दिरमा रहेको पवित्र सन्दुक पनि हुनसक्दछ। यहाँ परमेश्वर र मानिसको बिचमा भएको करारका शिलापत्र राखिएको छ। स्वर्गदूतहरूले त्यस सन्दुकमा राखिएको दश आज्ञाहरूलाई आफ्ना पखेटाहरू फैलाएर ढाकिरहेकाछन्। परमेश्वरको प्रेमको शुद्ध चरित्रलाई यसले प्रतिविम्वित गर्दछ। परमेश्वरसँग उहाँको पवित्र बासस्थानमा विश्वासद्वारा रहन दाउदले आफ्नो इच्छा प्रकट गरेको हुनसक्छ। प्रेमको पवित्र ज्योतिले दाउदको आत्मालाई ओढाएको अनुभव उनले गरिरहेको हुनुपर्दछ।

हुनसक्छ तपाईंले आफ्नो जीवन परमेश्वरमा पुःन समर्पण गर्नुभएको छ। यद्यपि तपाईं, विगतको पापको परिणामले दुःखकष्ट पाइरहनुभएको छ। ती हुनसक्छः आफ्ना प्रियजनहरूबाट बिछोड, शारीरिक समस्या र भावात्मक पिडाहरू। परमेश्वरको छत्रछाँयाको पखेटामुनी रहनुपर्छ भन्ने विश्वासले तपाईंको आशा कसरी जगाउँछ र आत्मिक स्वस्थतालाई कसरी टेवा दिंदछन्?

**उपसंहारः**

<u>थप जानकारीको निम्ति पढ्नुहोसः</u> एलेन जी ह्वाइटद्वारा लिखित *पाट्रियार्क एण्ड प्रोफेटस*को पृ. ७१७-७२६को "देभिदस् सीन एण्ड रिपेन्टेन्स," र *एडुकेशन* पृ. १५७को "बाइबल बायोग्राफिज।"

"दाउदले गहिरो रूपमा सच्चा दिलले आफ्नो पापको पछुताव गरेका थिए। आफूले गरेको घोर अपराधबाट पन्छिन कुनै पनि बहाना बनाउन कोशिस गरेनन्। आफ्नो पापको सजायँबाट उम्किन परमेश्वरसँग प्रार्थना गरेनन्। बरू आफ्नो पापबाट स्वतन्त्र हुने इच्छाले गर्दा क्षमाको प्रार्थना गर्न उनी प्रेरित भए। आफूले गरेको पाप परमेश्वरको खिलाफमा कस्तो घोर अपराध रहेछ भनेर उनले महशूस गरेका थिए। त्यस पापले आफ्नो आत्मालाई कसरी क्षतविक्षत पारेको अनुभव गरे। त्यसले गर्दा आफ्नो पापप्रति वाक्क भए र घृणा गरे। क्षमा र शुद्ध हृदयको निम्ति उनले कडाइका साथ प्रार्थना गरे। आफ्नो प्रार्थनाको संघर्षलाई छोड्न इन्कार गरे। पश्चाताप गरेको मानिसलाई परमेश्वरले दिनुभएको प्रतिज्ञाहरूलाई उनले आत्मसात् गरे। आफूलाई परमेश्वरले स्विकार गर्नुभएको र पापबाट सफाइ पाएको प्रमाण दाउदले पाए।.....

"दाउद अत्यन्त तलमा खसेका थिए, तर परमेश्वरले उनलाई उचाल्नुभयो। अब उनी आफू खस्कनु पहिलाभन्दा परमेश्वरसँग निकट भएको अनुभव गरे र आफ्ना मानिसहरूलाई सहानुभूति दिन उनी सक्षम् हुनपुगे। ...

"मानिसले सच्चा हृदयले आफ्नो पापलाई स्विकार गरे पनि र त्यसको पश्चाताप गरे पनि आफ्नो पापको सजायँ परमेश्वरबाट पाइएको दाउदले जस्तै अनुभव गर्न सक्दछन्। तर प्रत्येक पतित व्यक्तिले परमेश्वरबाट पाइने आशाको प्रत्याभूति पाउनसक्दछ। विश्वासद्वारा जसले परमेश्वरको प्रतिज्ञालाई ग्रहण गर्दछ त्यसले क्षमा प्राप्त गर्दछ। सच्चा दिलले पश्चाताप गर्ने जो कोहिलाई पनि परमेश्वरले फर्काउनुहुन्न। उहाँले बाचा गर्नुभएको छः 'मेरा जनहरूका शत्रुहरू सुरक्षाको निम्ति मकहाँ आए उनीहरूको भलो हुन्थ्यो। मसँग शान्तिसम्झौता गर्नुपर्दछ। म फेरि भन्दछु। तिनीहरूले मसँग शान्तिसम्झौता गर्नुपर्दछ। यशैया २७:५ रूपान्तरित। 'जसले दुष्ट काम गर्दछ त्यो काम रोक। नराम्रा र दुष्ट सोचबिचारहरू गर्न छोड। त्यो मानिस जीवनको स्वामीतिर फर्कोस्। परमेश्वरले उहाँको स्नेह र मृदुप्रेमले उनलाई छोप्नेछन्। त्यो मानिस हाम्रो परमेश्वरतिर फर्कोस्। उहाँले क्षमा दिन हरदम तत्पर हुनुहुन्छ। यशैया ५५:७ रूपान्तरित।"

एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ७२५, ७२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. मुक्तिको निम्ति येशूले दिनुभएको योजनालाई पन्छाएर आफ्नै अथक प्रयास गर्नु कतिको बेकार छ भनेर चिन्तनमनन गर्नुहोस्। पापबाट बचाउन, स्वस्थ राख्न र हामीलाई छोप्न येशूको धार्मिक पछ्यौराबाहेक अरू केहि बिकल्प छ र?

ख. परमेश्वरको प्रेम र करुणाबारे आफ्नै भजन रच्न खोज्नुहोस्। दाउदले जस्तै आफ्नै व्यक्तिगत अनुभवको आधारमा भजन लेख्नुहोस्। त्यसलाई विश्वासीहरूबिच प्रस्तुत गर्नुहोस् र चर्चापरिचर्चा गर्नुहोस्।

ग. कुनै पनि दागी र फोहर भएको कपडालाई नरम र सफा गर्न धुनेबेलामा सफा गर्ने रङ राखिएको हुन्छ। कपडालाई नरम नपारी दाग हटाउन खोज्नु त्यस कपडालाई खस्रो पार्न खोज्नु हो। दागलाई ननिकाली कपडालाई धुनु अझै फोहर नै देखिन्छ। हाम्रो फोहरी आत्माको लुगालाई सफा पार्न परमेश्वरको न्यायको सेतो रङको शक्ति र उहाँको दया र करुणाको नरम शक्तिको खाँचो हामीलाई किन छ त?

घ. पापलाई क्षमा दिएपनि त्यसले हामीलाई दयनीय बनाउन सक्दछ, तर हामीले यो बिर्सनुहुन्न की त्यो पाप क्षमा भइसकेको छ। पापको परिणाम हामीले भोगीरहेतापनि पापबाट क्षमा पाइसकेका छौं भनेर हामी कसरी यकिन हुने?